त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
गौरादह कृषि क्याम्पस
गौरादह, झापा, नेपाल

फोन.नं.०२३-४८०७५

प.सं./ च. नं. ।२०७५।०७६

मिति: २०७५/४/२५

गौरादह कृषि क्याम्पस गौरादह, झापा

## त्रि.वि.नाम दर्ता फाराम भर्ने बारे जरुरी सूचना ।

प्रस्तुत विषयमा, हाल यस क्यापसमा वि.एस्सी.(कृषि) प्रथम सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुले त्रि.वि. नाम दर्ता फारम भर्न आफुले प्राप्त गरेका सम्पुर्ण प्रमाणहरुको प्रमाणित प्रतिलिपि सहित मिति २०७५/४/२५ गते देखि मिति २०७५/५/३ गते भित्र त्रि.वि.नाम दर्ता फाराम तोकिएको ढाँचामा भरी क्याम्पस प्रमुखको कार्यालयमा बुझाउनु हुन सम्बन्धित सबै विद्यार्थीहरुलाई जानकारी गराईन्छ ।

जन्मजय गैह्रे
क्याम्पस प्रमुख

**नोट :- त्रि.वि. नाम दर्ता फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरु निम्न रहेका छन् ।**

१. एस.एल.सी. परिक्षाको चारित्रिक प्रमाणपत्र,र लब्धाङ्क पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि २/२ प्रति संलग्न हुनुपर्ने छ ।

२. विदेशी वोर्डबाट परिक्षा उत्तीर्ण गरी आउने प्रत्येक विद्यार्थीको लागि नेपाल सरकार शिक्षा मन्त्रालयबाट समानान्तर निर्धारण समिति, पाठ्यक्रम विकास केन्द्र सानोठिमीबाट छुट्टाछुट्टै मान्यता पत्रलाई मात्र नाम दर्ता फाराम साथ पेश गनुपर्नेछ ।

३. रजिष्ट्रेशन फाराम भर्दा सक्कल माइग्रेसन पेश गर्नुपर्नेछ । अन्य प्रमाणपत्रको हकमा प्रमाणित प्रतिलिपि २/२ प्रति पेश गर्नुपर्नेछ ।

४. भारतबाट पास गर्ने विद्यार्थीहरुका लागि नाम दर्ता शुल्क रु.१०००।– लाग्नेछ र नेपालबाट पास गर्ने विद्यार्थीहरुका लागि रु.५००।– लाग्नेछ ।

५.भारतबाट वा विदेशबाट ल्याएका सम्पुर्ण प्रमाण पत्रहरुमा सम्बन्धित पदाधिकारीहरुको दस्तखत नभएर स्टयाम्प मात्र भएको प्रमाणपत्रहरुलाई मान्यता दिइने छैन ।

६. हालसालै खिचेको पासपोर्ट साइजको २(दुई) दुई प्रति फोटो ।

७. फर्म भर्दा केरमेट,टिपेक्स लगाएको हुनु हुदैन । साथै स्पष्ट रुपमा आफ्नो नाम ठेगाना र अभिभावकको नाम ठेगाना उल्लेख गर्नुपर्नेछ ।

८. त्रि.वि. नाम दर्ता गरी सकेका विद्यार्थीहरुले आफुले प्राप्त गरेको नाम दर्ताको फोटोकपी अनिवार्य रुपमा क्याम्पस कार्यालयमा बुझाउनु पर्नेछ ।

९ .अन्य जानकारी त्रि.वि. नाम दर्ता ( Registration) सम्बन्धी निर्देशिका हेर्न सूचित गरीन्छ ।